जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ३८ २०७८ साल भदौं १५ गते मंगलबार (31 Aug. 2021 Tuesday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**वर्षातको समयमा आईपर्ने सम्भावित विपद् बाट बचौं र बचाऔं ।**

- बाढी, पहिरो, र डुवानको जोखिम भएका बस्तीहरुको अवस्थितिबारे जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिलाई जानकारी गराऔं।
- विपद् जुनसुकै बेलापनि आईपर्न सक्छ, त्यसैले पूर्व तयारी र प्रतिकार्य तयारी अवस्थामा राखौं ।
- प्रत्येक टोल बस्तीहरुमा उद्धार टोली गठन गरी आवश्यक तालिमको व्यवस्था गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : 'कि सास कित, ... ३ पृष्ठमा : पछिल्लो वर्षाले थप ... ३ पृष्ठमा : भारतमा थप ४२ हजार ...

# लोकतान्त्रिक समाजवादी पार्टी सप्तरीको कार्यालय उद्घाटन

**दैनिक समाचारदाता**
**राजविराज, १४ भदौं ।**

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल सप्तरीको सोमबार एक कार्यक्रमबीच कार्यालय उद्घाटन गरिएको छ । कार्यालय उदघाटनसँगै पार्टीको झन्डोत्तोलन पनि गरिएको छ ।

राष्ट्रियसभा सदस्य तथा लोसपा केन्द्रीय कार्यकारणी समिति सदस्य शेखर कुमार सिँह तथा संघिय सांसद तथा कार्यकारणी समिति सदस्य चन्द्रकान्त चौधरीले संयुक्त रुपमा राजबिराज वडा नं. ३ स्थित कार्यालयको उद्घाटनसँगै झन्डोत्तोलन गरेका हुन् ।

सो अवसरमा राष्ट्रियसभा सदस्य शेखर कुमार सिँहले लोसपाले उत्पीडित, उपेक्षित र सीमान्तकृत समुदायको उत्थान र विभेद उन्मुक्तिको अभियानमा कुनै पनि नेता तथा कार्यकर्तालाई बिचलि नभई एकजुट हुन अपिल गरेका छन् ।

कार्यक्रममा संघिय सांसद तथा अर्का कार्यकारणी समिति सदस्य चन्द्रकान्त चौधरीले लोकतान्त्रिक समाजवादी पार्टीले आदर्श र मधेसी, थारु, आदिवासी, जनजाति, मुस्लिम, सिल्पी (दलित) खस लगायत सबै वर्गको उत्थान र विभेद उन्मुक्तिको अभियानमा लाग्न आग्रह गरे ।

सांसद चौधरीले लोसपा पार्टी बिराएका नेता तथा कार्यकर्तालाई प्रलोभनमा नपरी पार्टीमा फर्कन आग्रह पनि गरे ।

राजविराज नगरपालिकाका पूर्व मेयर शैलेश चौधरीले लोकतन्त्र र समाजवादी लोक कल्याणकारी संघीय, समावेशी राज्यपूर्ण प्रतिबद्धता संगै




लोकतान्त्रिक समाजवादी पार्टी स्थापनाले लोकतन्त्र, समानता, विविधता, समावेशीकरण, सम्मानित, उत्पीडित सबै क्षेत्र र वर्गको राज्य व्यवस्था प्राप्त हुने बिश्वास ब्यक्त गरे ।

कार्यक्रममा लोसपाका नेता तथा जिसस प्रमुख प्रभाकर यादब, लोसपा नेता जयप्रकाश ठाकुर, तिलाठी कोईलाडी गाउपालिका अध्यक्ष सतिश कुमार सिँह, राजबिराज नगरपालिका उपप्रमुख साधना झा, छिनमस्ता गाउपालिका उपाध्यक्ष उषा मण्डल, पार्टी नेता दिनेश यादब, गजेन्द्र कुमार मण्डल, सुनिल झा, अमरनाथ मण्डल, रामप्रित यादब, रूपनी गाउँपालिका वडा नं. १ अध्यक्ष पिताम्वर यादब, दिपेन्द्र चौधरी, जागेश्वर राय, जिसस सदस्य लक्ष्मी साफी, युवा नेता रमानन्द यादब, बिद्यानन्द चौधरी, सफिद मन्सुरी लगायतले पार्टीको अभियानसँगै सफलता र प्रगतिशील अभियानका लागि सबैलाई एकजुट हुन आग्रह गरे ।

## करेन्ट लागेर महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १४ भदौं ।**

सप्तरीको महदेवा गाउँपालिकामा एक महिलाको करेन्ट लागेर मृत्यु भएको छ ।

सो गाउँपालिका वडा नं. १ पकरी निवासी बेचन सदाकी ५३ वर्षिया श्रीमती अमिरका सदाको करेन्ट लागेर मृत्यु भएको हो ।

प्रहरीका अनुसार पानी लिन कलतर्फ जाने क्रममा मोटरमा जोडीएको बिजुलीको तारमा खुट्टा पर्न गई करेन्ट लागेको हो । करेन्ट

*बाँकी अन्तिम पृष्ठमा*

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७८/५/२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७८/५/२३

**जगदम्बा मेडिकल इन्स्टिटच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

**विगत १३ वर्ष देखी संचालन हुदै आएको**
**ओभरसियरी क्याम्पस**
**( CTEVT बाट मान्यता प्राप्त )**

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**
**( ३ बर्षे )**

**न्यूनतम योग्यता** : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य-गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।
**फारम भर्ने अन्तिम मिति** : २०७८ भदौ १८ गते सम्म ।

**सम्पर्क :**
**सफटेक इन्जिनियरिङ्ग कलेज**
रुपनी रोड, राजविराज-८ (सप्तरी)
फोन नं.-०३१-५२०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

भर्ना खुल्यो भर्ना खुल्यो

"आत्मनिर्भरताका लागि प्राविधिक शिक्षा"
**न्यूनतम शुल्कमा प्राविधिक शिक्षा अध्ययन गर्ने सुनौलो अवसर**

CTEVT र राजविराज नगरपालिकाको संयुक्त साझेदारीमा संचालित वहुप्राविधिक शिक्षालय

SEE/SLC/TSLC पछि ३ वर्षे डिप्लोमा
**सिभिल इन्जिनियरिङ्ग**
**जियोमेटिक्स(सर्भे) इन्जिनियरिङ्ग**

फारम भर्ने मिति
२०७८/०४/३१ देखि
२०७८/०५/१८ सम्म

**राजविराज पोलिटेक्निक इन्स्टिच्युट**
राजविराज-३, सप्तरी
कार्यालय: ०३१-५९००९०, ९८२९७८४७२३
प्रिन्सिपल: ९८१६६४५१६६
Email: info.rajbirajpolytechnic@gmail.com

## सम्पादकीय

# हतारमा गरेको निर्णय कहिले पनि हितकर हुँदैन

कोरोना महामारीको जोखिम अहिले समाप्त भएको छैन् । जुन कुरा सबै मानिसले बुझ्नु पर्ने हो । तर, जोखिम कायमै रहेको बेला मानिसहरुले त्यसलाई वेवास्ता गरिरहेका छन् । सरकारले स्वास्थ्य मापदण्डको पालना गर्न बारम्बार आग्रह गरे पनि मानिसहरुले त्यसलाई वेवास्ता गर्दै माहामारीप्रति हेलचक्राई गरिरहेका छन् । अहिले बजारमा मानिसहरुले मास्कको प्रयोग तथा सामाजिक दुरीको पालना गरिरहेको देखिन्न् ।

माहामारीको त्रास रहेकै बेला सप्तरीका नीजि विद्यालयहरुले विद्यालय खोल्ने निर्णय समेत गरिसकेको छ । तर, संकट व्यवस्थापन समितिले कोरोनाको जोखिम अझै बढ्न सक्ने भन्दै तत्कालका लागि विद्यालय नखोल्नु भन्दै सबै पालिकामा पत्राचार समेत गरेको छ । उक्त पत्रलाई समेत वेवास्ता गर्दै विद्यालय संचालकहरुले आफ्नो मनोमानी ढंगले विद्यालय खोल्ने निर्णय कतिको सान्दर्भिक हो, यो त समयले नै देखाउछ । यस्तो बेलामा स्थानिय पालिकाहरुले विद्यालय संचालकहरुको निर्णयप्रति कस्तो निर्णय गर्ने हो त्यो पनि चासोको विषय भएको छ ।

यता विश्व स्वास्थय संगठनदेखी स्वास्थय विज्ञ समेतले आउँदो दिनमा माहामारीले सबैभन्दा बढी बालबालिकानै ग्रसित हुने बताइरहेको छ । तर, ती कुराहरुलाई मध्यनजर नगरि विद्यालय संचालन गर्न कीन हतार भएको कुरा पनि आफैमा सोचनीय विषय बनेको छ । सबै कुरालाई ध्यानमा राखी बालबालिकाहरुप्रति संवेदनशिल भई विद्यालय संचालन गर्नेप्रति गम्भिर हुनु आवश्यक छ । तसर्थ कुनै पनि कार्य गर्नु अघि एक पटक सोचेर गर्नु नै वेश हुनेछ । हतारमा गरेको निर्णय कहिले पनि हितकर हुँदैन् ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# ‘कि सास कित, लाश चाहियो’

काठमाडौं, १४ भदौ (रासस) ।

नेपालमा भएको १० वर्षे सशस्त्र द्वन्द्वपछिको विस्तृत शान्ति, सम्झौताको बुँदा नम्बर ५, २ र ३ मा दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिको तथा युद्धको समयमा मारिएकाको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचना सार्वजनिक गरी परिवारजनलाई बुझाउने उल्लेख छ ।

विस्तृत शान्ति, सम्झौताकै बुँदा नम्बर ५, २ र २ मा आफ्ना कब्जामा रहेका मानिसका बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्न दुवैपक्ष मञ्जुर गर्दछन् भनिएको छ । विसं २०५२ फागुन १ गतेदेखि चलेको १० वर्षे सशस्त्र द्वन्द्वलाई शान्ति यात्रामा ल्याउन २०६३ साल मङ्सिर ५ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र नेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’बीच १२ बुँदे विस्तृत शान्ति, सम्झौता भएको थियो । अहिले विस्तृत शान्ति, सम्झौता भएको १४ वर्ष पुगिसकेको छ तर अहिलेसम्म सम्झौताअनुरुप बेपत्ता सार्वजनिक हुन सकेनन् ।

शान्ति, सम्झौताअनुरुप नै दुवैपक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गर्नका लागि मानवताविरुद्धको अपराधमा संलग्नको सत्य अन्वेषण गरी दोषीलाई कारवाही गर्ने उद्देश्यले सरकारले बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्यनिरुपण तथा मेलमिलाप आयोगको २०७१ माघ २७ गते गठन गरियो । सरकार र द्वन्द्वरत पक्षबीच सम्झौता भएको साढे आठ वर्षपछि यी दुई आयोग बने ।

नेपालको संविधानअनुसार दुई वर्षभित्र सम्पूर्ण कामसक्ने भनेर गठन गरिएका यी दुई आयोगमा पहिलो पदाधिकारीले चार वर्षसम्म पनि काम पूरा गर्न नसकेपछि ती पदाधिकारीलाई बिदाइ गरेर नयाँ पदाधिकारी ल्याएको पनि करिब दुई वर्ष हुन लाग्यो तर पीडितले न्याय पाएको अनुभूति गर्न सकेका छैनन् ।

आयोगले दोस्रोपटक २०६७ माघ ९ गते नयाँ पदाधिकारीले पाएको हो । एक वर्षका लागि भनेर गठन गरिएको आयोगले दोस्रो वर्षसम्म पनि काम पूरा गर्ने देखिएको छैन । आयोगका पहिलो पदाधिकारीले तथ्याङ्क सङ्कलन गर्ने  काम गरे ।

आयोगमा तीन हजार २४३ उजुरीमध्ये २३७ उजुरी सत्यनिरुपण तथा मेलमिलाप आयोगसँग सम्बन्धित भएकाले त्यहाँ पठाएको थियो । त्यसमध्ये १३१ उजुरी दोहोरो परेको देखिएकाले लगतकट्टा गरिएको छ । साथै २८९ उजुरीमा सशस्त्र द्वन्द्वका क्रममा व्यक्ति बेपत्ता पारेका भन्ने नै आधार प्रमाण नदेखिएकाले तामेलीमा राखिएको छ । आयोगले दुई हजार ४९६ उजुरीमा विस्तृत छानविन गरिरहेको छ । उजुरीका आधारमा दुइ हजार ५१३ व्यक्ति बेपत्ता पारिएको भनी आयोगको तथ्याङ्कमा उल्लेख छ ।

आयोगका अनुसार २७४ उजुरीमा उजुरीकर्ता बुझ्नेलगायत काम सम्पन्न भएको छ । उजुरी परेका ७५ जिल्लामध्ये ७३ जिल्लाको स्थलगत भ्रमण गरी आयोगले अनुसन्धान गरिसकेको छ भने १५ जिल्लाका १८८ परिवारका ५४० जनालाई पीडित परिचयपत्र वितरणसमेत गरिसकेको छ । “आयोगले अघिल्लो पदाधिकारीले सङ्कलन गरेको उजुरी र अघि बढाएको अनुसन्धानका आधारमा काम अघि बढाएको छ”, बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका प्रवक्ता डा गङ्गाधर अधिकारीले भन्नुभयो, “बेपत्ता परिवार पहिचान भइसकेको परिवारलाई परिचयपत्र बाँड्ने काम भइरहेको छ, हासम्म २४३ परिवारका ६३९ व्यक्तिले परिचयपत्र पाइसकेका छन् ।”

आयोगले २०७७ माघ १४ गतेदेखि पीडित पहिचान गरी परिचयपत्र बाँड्न शुरु गरेको थियो । आयोगका प्रवक्ता अधिकारीका अनुसार यो वर्ष ८० प्रतिशतलाई परिचयपत्र वितरण गर्ने योजना छ । आयोगले पीडितको उजुरीका आधारमा पीडकको तालिका बनाई काम शुरु गर्ने तयारी गरेको छ । “आयोगले परिचयपत्र वितरणको काम सँगसँगै पीडितको उजुरीका आधारमा पीडक पहिचान गरेर तालिकीकरण गरी उजुरीउपर बयान लिने तयारी गरेको छ”, आयोगका प्रवक्ता अधिकारीले भन्नुभयो, “दुई/तीन महिनामा यो काम प्रारम्भ हुन्छ ।”

आयोगले पीडितलाई परिचयपत्र वितरण गरे पनि त्यो परिचयपत्रले केके सुविधा वा सहुलियत पाउने भन्ने स्पष्टरुपमा केही पनि नखुलेको हुनाले त्यसको कुनै महत्व नभएको पीडितको दुखेको छ ।

“मेरो २९ वर्षको जवान श्रीमान् बेपत्ता पारेको अहिले २१ वर्ष भयो, यतिबेला आएर आयोगले बेपत्ता भएको परिचयपत्र दिएको छ ।” बेपत्ता पीडित शोभा भट्टले भन्नुभयो, “त्यो परिचयपत्रले के गर्नु ? न बच्चा पढाउन पाउनु, न जागिर खुवाउन पाउनु, न गाडी चढ्दा छुट पाउनु, के काम त्यो ?” प्रश्नको शैलीले उहाँले बेपत्ता परिवारलाई दिएको परिचयपत्रको कुनै औचित्य नभएको सुनाउनुभयो ।

आफ्ना जीवन सारथी काखमा रहेका कलिला दुई सन्तानलाई हुर्काउने, पढाउने, बढाउने जिम्मेवारी एक्लै पूरा गर्नुपर्ने परिबन्ध शोभालाई आइलाग्यो । सरकारले पटकपटक गरी अन्तरिम राहतस्वरुप पीडितलाई दिएको रु १० लाखले उहाँले छोराछोरी पढाउने गर्नुभएको छ ।

चन्द्रागिरि नगरपालिका-१३ काठमाडौंबाट २०५८ साल असोज १८ गते साँझ ८ बजे तत्कालीन विद्रोही पक्षले शोभाका पतिलाई लगेका थिए । आफ्ना पति आज आउलान, भोलि आउलान्भन्दा भन्दै यतिका वर्ष बिते तर पति घर फर्किएन । अझै पनि आफ्ना पति फर्किन्छन् भन्ने आशा शोभामा बाँकी नै छ ।

“त्यो बेला बेपत्ता भएका कति भेटिए भन्ने खबर आउँछ, मलाई मेरा श्रीमान् पनि आउनु होला कि जस्तो लाग्छ”, भट्टले भक्कानिएर आफूलाई सम्हाल्दै केहीबेरपछि भन्नुभयो, “राज्यले कि सास देओस् कि लाश ।”

आफ्ना पतिको यथार्थ सार्वजनिक गर्नेभन्दा पनि आयोगमा घरी बोलाएर सोधपुछ गर्ने कहिले परिचयपत्र दिने कामले शोभालाई चित्त दुखेको छ । “मेरो श्रीमान् बेपत्ता भएको पीडा छँदैछ, खाटो बसेको घाउ कोटयाएर आलो बनाउनेबाहेक केही काम हुँदैन”, शोभाले आक्रोशित हुँदै भन्नुभयो, “निर्दोषलाई बेपत्ता बनाएर यति दुःख पाएका छौँ, तर राज्यले पीडितको पीडा देखेन ।”

आफ्ना पति बेपत्ता भएर वियोगमा जीवन बिताउँदै आउनुभएकी शोभा प्रतिनिधि पात्र मात्रै हुनुहुन्छ । त्यस्ता धेरै महिला केही पति बेपत्ता भएर पीडामा छन् । कति द्वन्द्वका समयमा बलात्कारमा परेर अझै पीडामा छन् तर स्वास्थ्योपचारको व्यवस्थासम्म उनीहरुलाई हुन सकेको छैन ।

महिला आफ्ना पति बेपत्ता हुँदा पीडामा छन् भने कैयौं पुरुषबाट आफ्नी पत्नी बेपत्ता हुँदा पीडामा छन् । धादिङका पर्शुराम कोइरालाकी पत्नी १९ वर्षदेखि बेपत्ता हुनुहुन्छ । पर्शुरामकी पत्नी ३७ वर्षीय गोमा कोइराला २०६० पुस २८ गते राति ९ बजे बेपत्ता भएदेखि सोमबारसम्म सम्पर्कमा आउनुभएको छैन । तर पर्शुरामले बेपत्ता आफ्नी पत्नीलाई बारम्बार सपनामा भेट्नुहुन्छ । “मेरी श्रीमती बेपत्ता भएको यतिका वर्ष भयो तर म अहिले पनि सपनामा भेट्छु, कुरा गर्छु”, उहाँले भक्कानिँदै भन्नुभयो, “सुरुसुरुमा दैनिक सपनामा देख्थेँ, कुराकानी गर्थें, त्यतिबेला हासीखुशी देख्ने, आजभोलि ८/१० दिनमा मात्र सपनामा देख्छु, तर रोहिरहेको दुख्थेँ ।”

पर्शुरामलाई छोराछोरीले आमालाई सम्झेर रुँदा नराम्रो लाग्छ । “बेलाबेला बच्चाहरु आमालाई सम्झेर भक्कानिन्छन्, म पनि भक्कान्छिु तर बच्चाको अगाडि सम्हालिनुपर्यो”, उहाँले पत्नी वियोगको पीडा सुनाउनुभयो, “मलाई मेरो श्रीमतीको कि सास कि लाश देओस् सरकारले, मलाई बेपत्ता पीडित नै भएर बस्न मन छैन ।”

द्वन्द्वका बेलामा तत्कालीन माओवादी विद्रोही पुर्शरामको घरमा बारम्बार भोक लाग्यो भनेर आउँथे । पर्शुरामकी पत्नीले खाना पकाएर खुवाउथिन् । खाना नखुवाए माओवादीको डर, खाना खुवाए सेनाको डर थियो । “साह्रै भोग लाग्यो भनेर माओवादी आए, मेरी श्रीमतीले दाल, तरकारी र  अचार बनाएर मीठोसँग खाना खुवाइन्”, त्यो बेलाको घटना स्मरण गर्दै पर्शुरामले सुनाउनुभयो, “आर्मीलाई सुराक गरेको भनेर खाना खुवाएकै पाँच दिनपछि माओवादीले लगे, बेपत्ता पार्ने खुलेआम खुशी जीवन बिताएका छन्, हामी रोएर बसेका छौँ ।” उहाँको मुख्य माग नै आफ्नी पत्नीको अपहरण गरी बेपत्ता पार्नेलाई सजाय होस् भन्ने छ ।

जीवित भए जीवित, नभए लाश देऊभन्दा पनि अहिलेसम्म पाउन सकेका छैनन् । द्वन्द्वका बेला बेपत्ता पारिएका व्यक्तिको सूचीमा रहेका ३१ जना परिवारको सम्पर्कमा आएका छन् । आफ्ना बेपत्ता भएका आफन्त पनि आउछन् कि भन्ने आशा अझै बाँकी छ ।

पर्शुराम जस्तै धेरै पति द्वन्द्वमा पत्नी बेपत्ता भएको वियोगमा बाँचिएका छन् तर सरकारले गठन गरेको आयोगले न्याय दिनेमा द्वन्द्वपीडितलाई आशा छैन । द्वन्द्वपीडितको त्यति ठूलो माग पनि छैन । “पीडितले न्याय माग्नु गल्ती होर ? पीडितले पनि यो देशमा सम्मानपूर्वक बाँच्न पाउनु त पर्यो नि”, द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष सुमन अधिकारीले भन्नुभयो, “द्वन्द्वरत पक्षले पीडितसँग माफी मागोस्, स्वास्थ्योपचार, शिक्षा र रोजगारीमा सहयोग गरोस्, अरु केही चाहिँदैन ।” उहाँलाई विस्तृत शान्ति, सम्झौता भएको ६० दिनभित्र बेपत्ता सार्वजनिक गर्ने भनिएको सम्झौताअनुसार त्यो ६० दिन कहिले आउला भन्ने लागेको छ ।

“शान्ति, सम्झौता भएको १५ वर्ष हुन लागिसक्यो, ६० दिन किन आउँदैन”, अधिकारीले भन्नुभयो । सरकारले समयमै ऐन संशोधन गरेर तत्काल पीडितलाई न्याय दिनुपर्ने र सङ्क्रमणकालीन न्यायलाई लम्ब्याउन नहुने उहाँको

***बाँकी तीन पृष्ठमा***

**कोरोना भाइरसबाट बच्ने उपायहरु**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुनपानीले राम्रोसँग हात धुने तथा साबुनपानी उपलब्ध नभए स्यानीटाइजरको प्रयोग गर्ने,
- अनावश्यक रुपमा घर बाहिर र भीडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग ६ फिटको दुरी कायम गर्ने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा तुरुन्त चिकित्सकसँग परामर्श लिने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**खोप लगाऊँ सुरक्षित रहौं**

**खोप लगाएपछि पनि,**

* मास्कको नियमित प्रयोग गरौं,
* अत्यावश्यक परेमात्र बाहिर निस्कौं,
* भीडभाडबाट बचौं,
* कसैलाई भेट्नैपर्दा दुई मिटरको दूरी कायम गरौं,
* साबुनपानीले हात धोऔं,
* साबुनपानी उपलब्ध नभए स्यानीटाइजरको प्रयोग गरौं,
* शंका लागे तुरून्त स्वास्थ्य परीक्षण गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# पछिल्लो वर्षाले थप सडकमा क्षति

काठमाडौँ, १४ भदौ (रासस)।

केही दिनयता भइरहेको वर्षाका कारण देशभरका विभिन्न सडक अवरुद्ध भएका छन् । सडक विभागले अवरुद्ध भएका स्थानमा पहिरो हटाएर सडक चालू गर्न लागेको छ ।

पूर्व-पश्चिम राजमार्ग परासी जिल्लामा तुरिया खोला पुल अवरुद्ध भएको छ । सोही राजमार्गको रुपन्देहीमा घोडाहा खोला पुल पहिराकै कारण अवरुद्ध रहेको छ । सिद्धार्थ राजमार्गको स्याङ्जामा राम्दी र डुम्रेमा अवरुद्ध छ । पाँचखाल-मेलम्ची सडक सिन्धुपाल्चोक जिल्लाको रातो पहिरामा अवरुद्ध छ ।

पछिल्लो पटक सिद्धार्थ राजमार्ग सिद्धबाबा खण्डमा अवरुद्ध भएकामा अहिले एकातर्फबाट खुलिसकेको छ । भिट्ठामोड-जलेश्वर-वर्दिवास, खुर्कोट-मन्थली-तामाकोशी-सिँगटी-लामाबगर-लाप्चेबगर अवरुद्ध भएकामा अहिले एकातर्फबाट चालू भएको छ ।

अहिलेको वर्षाले सबैभन्दा बढी क्षति सिद्धार्थ राजमार्ग र नारायणगढ-बुटवल सडकमा देखिएको विभागका सम्भार महाशाखा प्रमुख भीमार्जुन अधिकारीले बताउनुभयो । पहिराका कारण त्यहाँको डाइभर्सन बगाएको छ । आइतबार र सोमबार सो सडक भएर यात्रा गर्ने यात्रुले दुःख पाएको उहाँले बताउनुभयो । यात्रुको चाप बढी रहेको सडक विभागले खुलाइसकेको छ ।

बुटवल-नारायणगढ खण्डमा पर्ने तुरिया खोलाको पुल बगाएको भए पनि त्यसको विकल्प रहेको छ । पुल नै बगाएकामा बनाउन लामो समय लाग्ने भए पनि वैकल्पिक सडक हुँदा आवगमन नरोकिने उहाँको भनाइ छ । केही दिनयताको बाढीका कारण अवरुद्ध भएको पृथ्वीराजमार्ग खुलाइसकिएको छ । आइतबार नागढुङ्गा सडक अवरुद्ध भएकामा अहिलेसम्म खुलिसकेको छ । वर्षाका कारण गत महिनामा अवरुद्ध सडकमा थप क्षति पुगेको छ । लमजुङको बेँसीशहरदेखि मनाङको चामेसम्मको सडक दुई महिनादेखि अवरुद्ध छ । पछिल्लो वर्षाले यहाँ थप पहिरो गएको उपमहानिर्देशक अधिकारीले बताउनुभयो । उहाँले भन्नुभयो, "एकातिरबाट सडक खुलाउन लागिरहँदा पहिराले थप अवरोध गरेको छ ।"

यो वर्ष विगतका वर्षभन्दा पहिले वर्षा शुरु भएको थियो । जेठको दोस्रो सातादेखि शुरु भएको वर्षाले देशभरका सङ्घीय, प्रदेश र कतिपय स्थानीय सडक अवरुद्ध गरेको थियो । सङ्घीय सडक अवरुद्ध हुँदा सडक विभागले मातहतका कार्यालयमा रहेका जनशक्ति र उपकरणमार्फत खुलाउने गरेको छ ।

सडक विभागले सकेसम्म चाँडो सडक खुलाउन लाग्ने गरेको उपमहानिर्देशक अधिकारीले बताउनुभयो । विभागले सकेसम्म दुवैतर्फबाट सवारीसाधन चल्न सक्ने गरी पहिरो पन्छाउने गरेको छ । कतिपय स्थानमा सडक नै कटान भएकामा एकातर्फबाट मात्रै चालू गराइएको उहाँले बताउनुभयो । विभागले क्षतिको अवस्था र सडकमा हुने सवारीसाधनको चापका आधारमा एकातर्फ मात्रै खुलाउने कि दुवैतर्फ खुलाउने भनी निर्णय गर्छ ।

सडक नै भासिएको स्थानमा तत्काल दुवैतर्फ चल्नसक्ने बनाउनुभन्दा एकातर्फबाट मात्रै चलाउन उपयुक्त हुन्छ । ती सडकमा तत्काल एकातर्फबाट र वर्षा कम भएपछि तलबाट पर्खाल लगाएर दुवैतर्फ सडक चालू गरिन्छ । सवारी चाप भएका ठाउँमा भने क्षति भए पनि दुवैतर्फ चालू गर्नुपर्छ । पछिल्लो वर्षाले कुरिनटार नजिकै सडक अवरुद्ध गरेको थियो । उहाँले भन्नुभयो, "यो सडकमा चाप बढी भएकाले एकातर्फबाट खुलाएर हुँदैन र दुवैतर्फ खुलाइएको छ ।"

यस वर्ष वर्षाका कारण सडक अवरुद्ध हुँदा झण्डै रु दुई अर्ब २५ करोड बराबरको क्षति भइसकेको अनुमान छ । निर्माणाधीन सडकमा क्षति हुँदा भने त्यसको मर्मतको खर्च निर्माण कम्पनीले नै गर्नुपर्छ । चिनियाँ कम्पनीमार्फत विस्तारको काम भइरहेको नारायणगढ-बुटवल सडक मर्मत कम्पनीले नै गर्नेछ ।


विगतका वर्षभन्दा बढी वर्षा हुँदा अरु संरचनासँगै सडक र पुलमा बढी क्षति भएको विभागले जनाएको छ । वर्षाका कारण यो वर्ष २०१ सडक अवरुद्ध भएकामा हाल १६ सडक अवरुद्ध छन् । अवरुद्ध भएका सडकमध्ये ६८ सडक दुवैतर्फबाट चालू, ११७ सडक एकातर्फबाट चालू रहेको विभागले जनाएको छ ।

## 'कि सास कित,...

सुझाव छ ।

नेपालमा १० वर्षे सशस्त्र द्वन्द्वजस्तै विश्वमा बलपूर्वक बेपत्ता हुनेको सङ्ख्या ठूलो छ । आइसीआरसीको सन् २०२० को प्रतिवेदनअनुसार विश्वभर एक लाख ४५ हजार व्यक्ति बेपत्ता भएका थिए । ती बेपत्ता हुनेमध्ये खासगरी, आन्तारिक द्वन्द्व, राजनीतिमाथि फरक धारणा राख्ने समूहले व्यक्ति बेपत्ता पार्ने गरेको प्रतिवेदनमा उल्लेख छ । बलपूर्वक बेपत्ता पारिएका व्यक्तिको सम्झनामा विश्वभर नै सोमबार, अगष्ट ३० लाई विश्व बेपत्ताविरुद्धको दिवसका रुपमा मनाउने गरिएको छ ।

नेपालमा पनि १० वर्षे सशस्त्र द्वन्द्वका बेलामा बेपत्ता पारिएका व्यक्तिको अवस्था अझै सार्वजनिक हुन सकेको छैन । पीडितले कि सास, कित लाश चाहियो भनेर आवाज उठाइरहेका छन् । पीडितलाई न्यायको अनुभव हुनेगरी सरकारले पीडितको सम्बोधन गर्न जरुरी देखिन्छ ।







# विश्व समाचार

## भारतमा थप ४२ हजार संक्रमित

नयाँदिल्ली, १४ भदौ (रासस⁄एएनआई)।

भारतमा कोरोना भाइरसबाट थप झण्डै ४३ हजार जना कोरोना भाइरसबाट सङ्क्रमित भएका छन् ।

सरकारी अधिकारीहरुले सोमबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा ४२ हजार ९०९ जना नयाँ सङ्क्रमित भएका थिए । सोही अवधिमा ३८० जनाको मृत्यु भएको पनि केन्द्रीय स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ ।

पछिल्लो २४ घण्टामा देशभरि सङ्क्रमितमध्ये केरालामा मात्रै २८ हजार ८३६ जना सङ्क्रमित भएको अधिकारीहरुले जनाएका छन् । सोही अवधिमा केरलामा ७५ जनाको मृत्यु भएको छ ।

बस्कोरोना भाइरसबाट सङ्क्रमित भएकामध्ये अहिलेसम्म चार लाख ३८ लाख २१० जनाको मृत्यु भएको छ । तीमध्ये ३८० जनाको पछिल्लो एक दिनमा मृत्यु भएको हो ।

प्रदेशअनुसार हेर्दा एक दिनमा सबैभन्दा बढी महाराष्ट्रमा मानवीय क्षति भएको छ । महाराष्ट्रमा १३१ जनाको मृत्यु भएको छ भने ओडिसामा ६७ जना र अरु प्रदेशहरुमा १०७ मृत्यु भएको अधिकारीहरुले जनाएका छन् ।

भारतमा अहिलेसम्म कूल तीन करोड २६ लाख ९५ हजार ३० जना सङ्क्रमित भएका मन्त्रालयले जनाएको छ । कूल सङ्क्रमितमध्ये तीन लाख ७६ हजार ३२४ जना अहिले पनि सङ्क्रमित अवस्थामै रहेका छन् । यो सङ्ख्या कूल सङ्क्रमितमध्येको १.१५ प्रतिशत हो ।

अहिलेसम्म कूल तीन करोड १९ लाख २३ हजार ४०५ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन् । तीमध्ये ३४ हजार ७६३ जना पछिल्लो २४ घण्टामा सङ्क्रमणमुक्त भएका हुन् ।

## रकेट प्रहारबाट काबुलमा चार बालबालिकासहित ६ को मृत्यु

बेइजिङ, १४ भदौ (रासस⁄सिन्ह्वा)।

अफगानिस्तानको राजधानी काबुलमा भएको एक रकेट आक्रमणमा परी चार बालबालिकासहित छ जनाको ज्यान गएको छ ।

तालिबानीहरुले सत्ता कब्जा गरेपछि केही दिन हिंसात्मक घटना भएको अफगानिस्तानमा फेरि हिंसाका घटना हुन थालेका छन् ।

आइतबार काबुल विमानस्थलमा प्रहार गरिएको भनिएको रकेट बस्तीमा परेको र बस्तीको एक घरमा रहेका एकैपरिवारका ती व्यक्तिहरुको ज्यान गएको छ ।

काबुल विमानस्थलमा अमेरिकी, बेलायती र अरु केही विदेशी विमानले आफ्ना नागरिकहरुलाई स्वदेश फर्काइरहेका छन् ।

विमानस्थललाई नै लक्षित गरेर सो रकेट आक्रमण गरिएकामा सो रकेट बस्तीतर्फ पर्न गरेको बताइएको छ । पछिल्ला केही दिनमा काबुल विमानस्थलमा विस्फोट हुने गरेको छ ।

हमिद कारजाई अन्तर्राष्ट्रिय विमानस्थलमा पश्चिम भागतर्फ स्थानीय समयानुसार ४:५५ सो रकेट प्रहार भएको थियो । एक अमेरिकी ड्रोन शहरमा उडिरहेको देखा परेपछि उक्त हमला भएको प्रत्यक्षदर्शीहरु बताएका छन् ।

गत बिहीबार पनि विमानस्थलका पूर्वी गेटमा भएको आत्मघाती विष्फोटमा परी कम्तीमा १७० अफगान नागरिक र १३ अमेरिकी सैनिक मारिनुका साथै करिब २०० जना घाइते भएका थिए । उडानको पर्खाइमा रहेका ठूलो भीडबीचमा सो आक्रमण भएको थियो ।

अफगानिस्तानमा यही अगस्त १५ तारिखका दिन तालिबान विद्रोहीहरूले केन्द्रीय राजधानी काबुल कब्जा गरेपछि हजारौँ मानिसले अफगानिस्तान छाड्नेक्रम जारी रहेको छ । इस्लामिक स्टेट्स (आइएस) ले जिम्मेवारी लिएको यस आक्रमणमा परी मारिएकाहरु अधिकांश महिला र बालबालिका रहेका छन् ।

## डुङ्गा दुर्घटनामा परी पेरुमा २० को मृत्यु, कैयौँ बेपत्ता

पेरु, १४ भदौ (रासस⁄एएनआई)।

पेरुमा भएको डुङ्गा दुर्घटनामा परी २० भन्दा बढीको मृत्यु भएको छ । घटनामा परी अरु ५० भन्दा बढी यात्रु हराइरहेको अधिकारीहरुले जानकारी दिएका छन् ।

अमेजन क्षेत्रको हुल्लाग नदिमा डुङ्गा दुर्घटना भएको आरपीपी रेडियोले समाचार प्रसारण गरेको छ । बाक्लो कुहिरोका कारण चालकलाई गन्तव्य पहिचान गर्न समस्या भएपछि डुङ्गा ठोक्किएर दुर्घटना भएको प्रारम्भिक अनुसन्धानबाट पत्ता लागेको छ ।

दुर्घटना भएका बेला विमानमा झण्डै ८० यात्रु रहेको अनुमान गरिएको छ ।

"पर्याप्त उज्यालो नभएकाले चालकलाई डुङ्गा संचालन गर्न समस्या भएर डुङ्गा दुर्घटना भएको हो," दुर्घटनामा परी बाँचेका एक व्यक्तिले भने ।

बेपत्ता भएका यात्रुहरुको खोजीका लागि उद्धारकर्ताहरु परिचालन गरिएको र खोजी कार्य भइरहेको अधिकारीहरुले जनाएका छन् । बेपत्ता भएकाहरु जिवितै भेटिने संभावना कम रहेकाले मृतकको सङ्ख्या पनि बढ्न सक्ने खोजी कार्यमा खटिएकाहरुले बताएका छन् ।

# विराटनगरको राधाकृष्ण रथयात्रा यसपटक पनि खटयात्रामा

मोरङ, १४ भदौ (रासस) ।

श्रीकृष्ण जन्माष्टमीको भोलिपल्ट विराटनगरमा निकालिने भगवान श्री राधाकृष्णको भव्य रथयात्रा यसपटक पनि खटयात्रामा राखी नगरपरिक्रमा गरिने भएको छ ।

श्रीराधाकृष्ण रथयात्रा समारोह समितिका अध्यक्ष बाबुराजा ओझाले यस वर्ष पनि कोरोना महामारीबाट नागरिकको स्वास्थ्यसुरक्षालाई ध्यानमा राखी ९०औँ संस्करणको भगवान राधाकृष्णलाई खटयात्रामा भदौ १५ गते मङगलबार गाडीमा राखी नगरपरिक्रमा गरिने जानकारी दिनुभयो ।

यस वर्षको खटयात्रा राधाकृष्ण मन्दिर पानीटचाङ्कीबाट शुरु भई गोल्छा, जलजला, ट्राफिक, रोडशेष, महेन्द्र, भृकुटी चोक, बरगाछी, कञ्चनबारी, राजवंशी र पुष्पलाल चोकको परिक्रमापछि पुनः मन्दिरमा पुग्ने बताइएको छ ।

समितिका अध्यक्ष ओझाले खटयात्रा विशेष पूजापाठ गरी विराटनगर-१ स्थित पानीटचाङ्कीस्थित राधाकृष्ण मन्दिरको परिसरबाट निकालिने भएको छ । खटयात्रा बीचमा कतै नरोकिने भएकाले भक्तजनले पूजापाठको सामग्री नलिइ टाढैबाट दर्शन गर्न समेत समितिले आग्रह गरेको छ । खटयात्रामा नेपाल प्रहरीको वाजासमेत रहने छ ।

विसं १९८८ बाट खट ( युगल मूर्तिलाई खाटमा राखेर) को रुपमा सुरु भएको यात्रा विसं २०२५ देखि रथयात्राको रुपमा परिणत भएको हो । प्रदेश सरकारले मङ्गलबार मोरङ, सुनसरी र झापामा सार्वजनिक बिदाको निर्णय गरेको छ ।

# सप्तकोशीको बहाव तीनसय मिटर फैलियो

उदयपुर, १४ भदौ (रासस) ।

निरन्तर वर्षाका कारण बेलका नगरपालिकाको तटीय क्षेत्रमा सप्तकोशी नदीको बहाव ३०० मिटरसम्म फैलिएको छ ।बाढीका कारण आइतबार रातिसम्ममा सप्तकोशीले धार परिवर्तन गर्दै नदी, किनारको तटीय क्षेत्रका वडा नं २, ३, ८ र ९ का दुई हजार ४०० परिवारलाई असर पारेको नगरप्रमुख दुर्गाकुमार थापाले बताउनुभयो । तटीय क्षेत्रमा डम्रीबोट, सोमबारे, मसानघाट, रामनगरका साथै धौरी, एबिसी र श्रीलङ्का टाप्पु पर्दछ ।

रामनगरका कृष्णबहादुर भुजेलका अनुसार आइतबार राति १० बजेसम्म पानीको बहाव नदी किनार पार गरेर ३०० मिटर दूरीको गाउँ इलाकासम्म प्रवेश गरेकामा सोमबार बिहान वर्षा कम भएकाले बहाव थोरै घटेर गएको छ ।

बस्तीमै बाढी प्रवेश गर्न थालेकाले त्यहाँका बासिन्दालाई राति नै अन्यत्र सार्न थालिएको नगरप्रमुख थापाले बताउनुभयो । तटीय क्षेत्रमा सम्भावित कटान रोकेर गाउँलाई सुरक्षित राख्न आइतबारदेखि सशस्त्र प्रहरी तथा नेपाल प्रहरीको टोलीसमेत परिचालन गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

नदीको बहाव बढेकाले केही स्थानका जमिन कटान हुन थाले पनि अन्य स्थानमा भने कटानको खतरा नरहेको डुम्रीबोटका कर्ण मगरले बताउनुभयो ।

### *करेन्ट लागेर ...*

लागेर गम्भिर घाईते भएकी उनलाई उपचारका लागी राजविराजस्थित गजेन्द्र नारायण सिह अस्पतालमा ल्याएपछि उपचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# सात प्रदेशमा स्त्रीरोगसम्बन्धी सेवा विस्तार गर्ने तयारी

काठमाडौँ, १४ भदौ (रासस) ।


स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री उमेश श्रेष्ठले सात प्रदेशमा प्रसूति तथा स्त्रीरोगसम्बन्धी सेवा विस्तार गर्ने तयारी गरिएको बताउनुभएको छ ।


परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालको ६२ औँ वार्षिकोत्सव कार्यक्रमलाई सोमबार यहाँ सम्बोधन गर्दै उहाँले सात प्रदेशमा स्त्रीरोग अस्पताल निर्माण गरेर सेवा विस्तार गर्न थालिएको जानकारी दिनुभयो । उहाँले महिलामा स्वास्थ्य समस्या धेरै देखिने भएकाले प्रसूति तथा स्त्रीरोग अस्पतालको सेवा पनि विस्तार गर्नुपर्ने बताउनुभयो ।

राज्यमन्त्री श्रेष्ठले यस अस्पताललाई स्त्रीको स्वास्थ्य हेरचार तथा अनुसन्धान केन्द्रका रुपमा विकास गर्नुपर्ने धारणासमेत राख्नुभयो । उहाँले अस्पताललाई सुविधा सम्पन्न बनाउनका लागि मन्त्रालय लागिपरेको बताउनुभयो । “यहाँ भएका साधनस्रोतलाई उपयोग गर्ने हो भने सम्भावना धेरै छन्”, उहाँले भन्नुभयो, “अस्पतालले मन्त्रालयसँग के अभाव छ । त्यसको माग गर्न पर्‍यो । हामी उपलब्ध गराउन तयार छौं ।”

उहाँले दूरदराजका जनताले अझै स्वास्थ्य सेवाबाट बञ्चित हुनुपरेको उल्लेख गर्दै ती क्षेत्रका जनतालाई सेवा उपलब्ध गराउनुपर्ने भनाइ राख्नुभयो । उहाँले कोरोना भाइरसविरुद्धको खोप सरकारको प्राथमिकता रहेको भन्दै ४० लाख मोडर्ना र ६० लाख फाइजर खोप ल्याउन पहल भइरहेको जानकारी दिनुभयो । अहिले २० प्रतिशत पहिलो मात्रा र १३ प्रतिशतले पूर्ण मात्राको खोप लगाइसकेका छन् ।

कार्यक्रममा स्वास्थ्य सचिव डा रोशन पोखरेलले प्रसूति अस्पताललाई व्यवस्थित गर्न मन्त्रालय लागिपरेको बताउनुभयो । उहाँले अस्पतालमा ७०० शय्या थप गर्न मन्त्रालयले सहयोग गर्ने बताउनुभयो ।





देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६

City Express Money Transfer — Money Transfer Made Easy

Best Remit — Quick & Easy

Prabhu Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम

IME — International Money Express

himal remit — हिमालरेमिट

CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*